# सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८०

स्वीकृत मिति २०८०।१०।२५

**प्रस्तावना:** सुदूरपश्चिम विश्वविद्यालयमा रिक्त हुन गइरहेको उपकुलपति नियुक्ति गर्न सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ को दफा २४ को उपदफा (२) बमोजिम सुदूरपश्चिम विश्वविद्यालयका कुलपतिबाट सिफारिस समिति गठन भएको, योग्य तथा क्षमतावान व्यक्ति खुला प्रतिष्पर्धाको माध्यमबाट छनोट गरी उपकुलपतिमा नियुक्तिको लागि सिफारिस गर्नु पर्ने भएकोले उम्मेदवार छनोटका विधि, आधार, प्रक्रिया तय गरी उपकुलपति सिफारिससम्बन्धी कार्य व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस गर्न गठित सिफारिस समितिले देहायको कार्यविधि बनाई लागू गरेको छ।

१.संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि सिफारिस समितिबाट स्वीकृत भएको देखि लागू हुनेछ।

२.परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उम्मेदवार" भन्नाले सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपतिको पदमा नियुक्तिको लागि दरखास्त स्वीकृत भएको उम्मेदवार सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ सम्झनु पर्छ।

(ग) "पदाधिकारी" भन्नाले सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ को दफा ६ बमोजिमको पदाधिकारी सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापित विश्वविद्यालय वा सो सरहका शैक्षिक उपाधि प्रदान गर्ने प्रतिष्ठानका पदाधिकारीसमेतलाई जनाउँछ।

(घ) "विश्वविद्यालय" भन्नाले सुदूरपश्चिम विश्वविद्यालय सम्झनु पर्छ।

(ङ) "समिति" सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ को दफा २४ को उपदफा (२) बमोजिमको उपकुलपति सिफारिस समिति सम्झनु पर्छ।

(च) "संयोजक" भन्नाले सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस समितिको संयोजक सम्झनु पर्छ।

३. बैठक सम्बन्धी कार्यविधि:(१) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठकको गणपुरक संख्याको लागि समितिको संयोजक र कम्तीमा एकजना सदस्य उपस्थित भएको हुनु पर्नेछ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ र सर्वसम्मत हुन नसकेमा संयोजक सहितको बहुमतले गरेको निर्णय समितिको निर्णय हुनेछ ।

(५) समितिको निर्णय संयोजकको हस्ताक्षरपछि प्रमाणित भएको मानिनेछ।

(६) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ।

४. <u>आवश्यक न्यूनतम योग्यता:</u> यस कार्यविधि बमोजिम विश्वविद्यालयको उपकुलपति नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालयको प्राध्यापक पदमा नियुक्त भई सो पदको अनुभव हासिल गरेको,

(ग) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य नरहेको,

(घ) विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको,

(ङ) नेपाली नागरिक भएको,

(च) दरखास्त दिनु तत्काल अधि कुनै राजनीतिक दलको सदस्य नरहेको।

५. <u>सूचना प्रकाशन गर्ने:</u> (१) विश्वविद्यालयको उपकुलपति नियुक्तिको लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका, नेपाल सरकार,शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालय अनुदान आयोगको वेवसाइटमा दश दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(२) सुदूरपश्चिम विश्वविद्यालयको सोचपत्र र व्यावसायिक कार्ययोजना अल्पसूचीमा नाम समावेश भएको उम्मेदवारले दफा ९ को उपदफा (३) बमोजिम प्रकाशित सूचनाको म्यादभभित्र पेश गर्नु पर्नेछ।

६. <u>दरखास्त साथ पेश गर्नुपर्ने कागजात:</u> (१) न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त साथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछः-

(क) स्नातकोत्तर तह र सोभन्दा माथीको भए सोसमेतको शैक्षिक उपाधिको प्रमाण पत्रको प्रतिलिपि,

(ख) प्राध्यापक पदमा नियुक्त भएको नियुक्तिपत्रको प्रतिलिपि,

(ग) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारी वा कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा सो सरहका उच्च शैक्षिक संस्था वा निकायको प्रशासनिक वा व्यवस्थापकीय पदमा अनुभव हासिल गरेको भए सो खुलेको विवरण तथा प्रमाणको प्रतिलिपि,

(घ) सुदूरपश्चिम विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको ब्यहोरा खुलेको स्वघोषणा पत्र,

(ङ) अनुसूची-२ मा उल्लेख भए बमोजिमका Ranked Journal मा अनुसन्धानमूलक लेख प्रकाशन गरेको भए सोको प्रतिलिपि,

(च) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको भए सोको विवरण तथा प्रमाणको प्रतिलिपि,

(छ) नेपाली नागरिकताको प्रतिलिपि,

(ज) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नभएको र हाल कुनै राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा पत्र।

(२) यस कार्यविधिको दफा ९ को उपदफा (३) बमोजिमको सूचना प्रकाशन भए पछि त्यस्तो अल्पसूचीमा नाम समावेश भएको उम्मेदवारले उक्त सूचनाको म्यादभित्र देहाय बमोजिमका कागजात समितिमा पेश गर्नु पर्नेछः

(क) बढीमा३००० शब्द रहेको सुदूरपश्चिम विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper),

(ख) बढीमा ५००० शब्द भित्रको सुदूरपश्चिम विश्वविद्यालयसम्बन्धी चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) ।

(३) उपदफा (२) को खण्ड (क) बमोजिमको सोचपत्र र खण्ड (ख) बमोजिमको व्यावसायिक कार्ययोजना अंग्रेजिमा भए Times Roman 12 Font Size र नेपालीमा भए प्रिति वा युनिकोडमा १४ वा १२ फ्रन्ट साइजमा तयार गरी कभर पेजमा आफ्नो विवरण खुलाई सो बाहेक शुरु देखी अन्त्यसम्मका पृष्ठमा आवेदक पहिचान हुने कुनै प्रकारको संकेत बा चिन्ह नरहने गरी छुट्टा छुट्टै खामबन्दी गरी पेश गर्नु पर्नेछ ।

७. <u>दरखास्त स्वीकृति वा रद्द गर्न सक्ने</u>: (१) दरखास्तका लागि यस कार्यविधिको दफा ४ र ६ बमोजिमको प्रक्रिया पूरा भई प्राप्त भएका दरखास्त स्वीकृत गरी उम्मेदवारलाई छनोट प्रक्रियाका लागि सूचीकृत गरिनेछ ।

(२) न्यूनतम योग्यता पूरा नगरेको वा गलत तथा झुट्टा कागजात पेश गरेको पाइएमा समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।

८. <u>छनोट विधि</u>:(१) समितिले उम्मेदवारबाट पेश हुन आएका योग्यता, अनुभव, लेख रचना तथा प्राज्ञिक अनुसन्धानमूलक कार्य र उम्मेदवारले गरेको प्रस्तुतिकरण तथा अन्तर्वार्ताको आधारमा सर्वाधिक अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवार छनोट गरी ऐनको दफा २४ को उपदफा (३) बमोजिम उपकुलपति नियुक्तिको लागि कुलपति समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छनोट विधिमा जम्मा एक सय पूर्णाङ्कलाई आधार बनाई गरिनेछ र सोको मूल्याङ्कन देहायका आधारमा हुनेछः-

(क) शैक्षिक योग्यता,

(ख) अनुभव,

(ग) प्राज्ञिक अनुसन्धानमूलक परीयोजना,

(घ) समकक्ष समिक्षित जर्नल तथा Ranked Journal मा प्रकाशित अनुसन्धानमूलक लेख,

(ङ) विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) मूल्याङ्कन,

(च) विश्वविद्यालयको चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) मूल्याङ्कन,

(छ) खण्ड (ङ) बमोजिमको सोचपत्र र खण्ड (च) बमोजिमको कार्ययोजनाको प्रस्तुतीकरण,

(ज) अन्तर्वार्ता ।

(३) उपदफा (२) बमोजिमका विषयगत आधारको अङ्क र सोको विस्तृत विवरण तथा छनोटका आधार अनुसूची-२ मा व्यवस्था भए बमोजिम हुनेछ।

९. <u>छनोटको चरण</u>: (१) छनोटको पहिलो चरणमा दफा ८ उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम कायम हुन आएको उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारको अल्पसूची (Short list) प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अल्पसूची (Short list) प्रकाशन गर्दा जम्मा आवेदकको एकतिहाई वा पन्ध्र जना मध्ये जुन कम हुन्छ सोही संख्यामा उम्मेदवारलाई अल्पसूची (Short list) मा राखिनेछ।

तर उम्मेदवार संख्या नौ वा सोभन्दा कम हुन आएमा अल्पसूची प्रकाशन नगरी यस कार्यविधि बमोजिमको छनोट प्रक्रिया अगाडी बढाउन सकिनेछ भने अल्पसूचीको संख्या कायम गर्नेक्रममा कायम हुने संख्यामा बराबर अङ्क प्राप्त गर्ने थप उम्मेदवार संख्या भएको अवस्थामा त्यस्तो बराबर अङ्क प्राप्त गर्नेको अल्पसूचीमा नाम प्रकाशन गर्न बाधा पर्ने छैन।

(३) उपदफा (२) बमोजिम अल्पसूची (Short list) मा छनोट भएका आवेदकहरुलाई सात दिनको समय दिई विश्वविद्यालय सम्बन्धी सोचपत्र (Vision Paper) र विश्वविद्यालयको चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) पेश गर्न नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र आयोगको वेवसाईट मार्फत सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(४) छनोटको दोस्रो चरणमा उपदफा (३) बमोजिम पेश भएका विश्वविद्यालय सम्बन्धी सोचपत्र (Vision Paper) र विश्वविद्यालयको चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) मूल्याङ्कन गरिनेछ र दफा १० बमोजिम सोचपत्र तथा कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ता हुनेछ।

(५) विश्वविद्यालयको सोचपत्र र व्यावसायिक कार्ययोजना तीन जना विज्ञबाट मूल्याङ्कन गर्नु पर्नेछ र ती तीन जना विज्ञले दिएको अंकलाई औषत निकालेर आवेदकले प्राप्त गरेको प्राप्ताङ्क निर्धारण गरिनेछ।

(६) विश्वविद्यालयको सोचपत्र र व्यावसायिक कार्ययोजना मूल्याङ्कनको लागि आवेदकको नाम नखुल्ने गरी समितिको सचिवालयबाट सोचपत्र र कार्ययोजनालाई कोडिङ गरिनेछ।

(७) उपदफा (६) बमोजिम कोडिङ गरिएका विश्वविद्यालयको सोचपत्र र व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन भए पश्चात शिलबन्दी गरी गोप्य रुपमा राखिनेछ र प्रस्तुतिकरण तथा अन्तर्वार्ता सम्पन्न भए पश्चात दफा १३ बमोजिम नाम सिफारिस गर्ने समयमा मात्र खोलिनेछ।

(८) विश्वविद्यालयको सोचपत्रको मूल्याङ्कनको ढाँचा अनुसूची-३ बमोजिम र व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको ढाँचा अनुसूची-४ मा व्यवस्था भए बमोजिम हुनेछ।

(९) यस दफा बमोजिम मूल्याङ्कन गरिएको कागजातहरु शिलबन्दी गरी गोप्य रुपमा राखिनेछ।

१०.<u>प्रस्तुतीकरण तथा अन्तर्वार्ता:</u> (१) दफा ९ को उपदफा (१) बमोजिम कायम भएको अल्पसूची (Short list) मा रहेका उम्मेदवारलाई तीन दिनको समय दिई आयोगको वेवसाईट मार्फत सार्वजनिक सूचना

प्रकाशन गरी दफा ८ को खण्ड (छ) र (ज) बमोजिम प्रस्तुतिकरण र अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ।

(२) किरिया बस्नु परेको वा विरामी भई असपताल भर्ना भएको कारण निर्धारित मिति र समयमा प्रस्तुतिकरण र अन्तर्वार्तामा उपस्थित हुन नसक्ने भएमा प्रस्तुतीकरण तथा अन्तर्वार्ता हुनुभन्दा अगावै सम्बन्धित उम्मेदवारले समितिसमक्ष निवेदन गर्न सक्नेछ।

(३) उपदफा (२) को अवस्थामा समितिले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि समय निर्धारण गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको अवस्थामा बाहेक उम्मेदवारलाई प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि विशेष समय उपलब्ध गराउने छैन।

(५) प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि निर्धारित पूर्णाङ्कको सत्तरी प्रतिशत भन्दा बढी र चालीस प्रतिशत भन्दा कम अंक प्रदान गर्दा सोको कारण मूल्याङ्कनकर्ताले खुलाउनु पर्नेछ।

(६) अन्तर्वार्ताकारले प्रदान गरेको अङ्कको औषत अङ्क कायम गरी प्राप्ताङ्क कायम हुनेछ।

(७) प्रस्तुतीकरणको मूल्याङ्कन सम्बन्धी अङ्क प्रदान गर्ने ढाँचा अनुसूची-५ मा व्यवस्था भए बमोजिम हुनेछ।

११.<u>उपसमिति गठन तथा सेवा लिन सक्नेः</u> (१) समितिले उम्मेदवार छनोट तथा सिफारिस कार्यका लागि उपसमिति गठन गर्न आवश्यक ठानेमा उपसमिति गठन गर्न वा यस सम्बन्धी कार्यका लागि कुनै विज्ञ आमन्त्रण गरी सेवा लिन सक्नेछ।

(२) समितिले उपदफा (१) बमोजिमको उपसमिति वा विज्ञलाई विश्वविद्यालयको सोचपत्र तथा व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको जिम्मा दिन सक्नेछ।

(३) समितिले आवश्यक ठानेमा कार्ययोजना तथा सोचपत्रको प्रस्तुतीकरणमा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम उपसमिति गठन भएमा वा कुनै विज्ञ छनोट गर्नु पर्ने भएमा त्यस्तो उपसमितिमा रहने वा विज्ञको रुपमा आमन्त्रण हुने व्यक्ति विद्यावारिधिको शैक्षिक उपाधि प्राप्त प्राध्यापकमध्येबाट छनोट गर्नु पर्नेछ।

(५) समितिले आफ्नो कार्य सम्पादनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालय अनुदान आयोगका पदाधिकारी तथा कर्मचारीबाट सेवा लिन सक्नेछ।

१२.<u>मूल्याङ्कन प्रक्रियामा समावेश हुन नहुनेः</u> (१) समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदारले उपकुलपतिको पदमा दरखास्त पेश गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्याङ्कन प्रक्रियांमा सहभागी हुनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको अवस्था परी आएमा समितिका संयोजक तथा सदस्यको हकमा कुलपतिबाट र उपसमिति वा अन्य कुनै विज्ञको हकमा समितिबाट व्यवस्था भए बमोजिम हुनेछ।

१३.<u>नाम सिफारिसः</u> (१) समितिले प्रतिवेदन सहित उपकुलपति पदमा नियुक्तिको लागि उम्मेदवारको नाम कुलपति समक्ष सिफारिस गर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम नाम सिफारिस गर्दा प्राप्ताङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने तीन जनाको नाम कुलपति समक्ष सिफारिस गर्नेछ।

१४.<u>खर्चसम्बन्धी व्यवस्था:</u> समिति तथा उपसमिति वा विज्ञ वा कर्मचारीको बैठकसम्बन्धी, सूचना प्रकाशन, सचिवालय व्यवस्थापन र यस सम्बन्धमा हुने आवश्यक खर्च विश्वविद्यालय अनुदान आयोगबाट आयोगको नियमानुसार भुक्तानी हुनेछ।

१५.<u>कागजपत्रको संरक्षण:</u> समितिबाट सिफारिसको कार्य सम्पन्न भएपछि यससम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू विश्वविद्यालय अनुदान आयोगमा सुरक्षित राखिनेछ।

१६. <u>सचिवालय:</u> समितिको सचिवालय विश्वविद्यालय अनुदान आयोगमा रहनेछ।

अनुसूची-१
(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
दरखास्तको ढाँचा

श्रीमान् संयोजकज्यू,
सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस समिति,
विश्ववविद्यालय अनुदान आयोग,
सानोठिमी, भक्तपुर।

विषयः दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा।

सुदूरपश्चिम विश्वविद्यालयको रिक्त उप-कुलपति पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। उपकुलपतिको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव मसँग रहेको छ भने यो दरखास्त पेश गर्दा म कुनै राजनीतिक दलको सदस्य नरहेको र सुदूरपश्चिम विश्वविद्यालयसँग मेरो कुनै संस्थागत स्वार्थ नबाझिएको स्वघोषणा गर्दै म उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

१. सार्वजनिक निकायको नामः सुदूरपश्चिम विश्वविद्यालय
२ . नियुक्ति हुन चाहेको पदः उप-कुलपति
३. दरखास्त पेश गर्ने व्यक्तिकोः

(क) व्यक्तिगत विवरणः

नाम थर (देवनागरी):-..................................................................................
ENGLISH BLOCK LETTER ..................................................................................
हाल कार्यरत संस्थाः ..............................पद ..............................
नेपाली नागरिकताको प्रमाण पत्र नं.:..............................
जारी मितिः..............................जिल्लाः..................
स्थायी ठेगानाः
अस्थायी ठेगानाः
जन्म मितिः .....................साल...................... महिना................ गते
सम्पर्क नम्बरः ...................इमेलः......................................................

(ख) शैक्षिक योग्यताको विवरणः

| क.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | विषय | शीर्षक |
|---|---|---|---|---|---|
| १ | स्नातकोत्तर | | | | |
| २. | विद्यावारिधि | | | | |

(ग) अनुभवः (पदाधिकारी भए सो समेत)

| क्र. सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |

(घ) प्राज्ञिक अनुसन्धानमूलक परियोजना सम्बन्धी विवरण

| क्र. सं. | परियोजनाको शीर्षक | परियोजना पेश गरेको निकाय | अनुसन्धान टोलीको नामावली* | परियोजना सम्पन्न गरेको मिति** | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

* आवेदकको भूमिका प्रमुख अनुसन्धानकर्ता वा सह-अनुसन्धानकर्ता के हो खुलाउनु पर्नेछ।

** परियोजना पेश गरेको निकायबाट उक्त परियोजना सम्पन्न भएको प्रमाणपत्रको प्रतिलिपि समावेश गर्नु पर्नेछ।

(ङ) प्राज्ञिक अनुसन्धानमूलक लेख प्रकाशन सम्बन्धी विवरण

Ranked Journals/Proceeding (SCImago Journal Ranking)***

| क्र. सं. | लेखको शीर्षक | जर्नलको नाम र अंक | अनुसन्धानकर्ताको नाम | प्रकाशक | प्रकाशन मिति | कैफियत (SCImago Rank) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*** For SCImago Rank, Visit:http://www.scimagojr.com

Non-Ranked Peer-Reviewed Journals

| क्र. सं. | लेखको शीर्षक | जर्नलको नाम र अंक | अनुसन्धानकर्ताको नाम | प्रकाशक र देश | प्रकाशन मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(च) संलग्न कागजात तथा विवरणः

(१) अनुसूचीको ढाँचामा निवेदन,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(३) वैयक्तिक विवरण तीन प्रति,

(४) विद्यावारिधि उपाधिको प्रमाणपत्रहरूको प्रतिलिपि,
(५) प्राध्यापकको शुरु नियुक्तिपत्रको प्रतिलिपि,
(६) सम्बन्धित क्षेत्रको अनुभव खुल्ने कागजातको प्रतिलिपि,
(७) खण्ड (घ) मा उल्लिखित परियोजना सम्पन्न गरेको प्रमाणपत्र,
(८) खण्ड (ङ) मा उल्लेखित लेखहरु,
(९) विश्वविद्यालय सम्बन्धी सोचपत्र (Vision Paper) -थान तीन,
(१०) चार वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan)- थान तीन,
(११) कुनै राजनितिक दलको सदस्य नरहेको र सुदूरपश्चिम विश्वविद्यालयसँग कुनै किसिमको स्वार्थ नवाझिएको स्वघोषणा,
(१२) कार्यविधिको दफा ४, ६ र ८ मा उल्लिखित विषयमा अन्य केही भए सोको विवरण।

<u>द्रष्टब्य</u>: -

माथी खण्ड (च) को क्रमसंख्या (९) र (१०) को सोचपत्र र व्यावसायिक कार्ययोजना अल्पसूचीमा नाम समावेश भएपछि त्यस्तो सूचीका उम्मेदवारले मात्र पेश गर्नु पर्नेछ।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

दस्तखत:
नाम थर:
मिति:
सम्पर्क नम्बर:

अनुसूची-२

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन

| योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी व्यवस्था | अधिकतम अङ्कभार | अङ्क विभाजन र आधार |
|---|---|---|
| (क) प्राध्यापक पदमा कार्य अनुभव। | दश | प्राध्यापक पदमा कार्यानुभव भएको प्रत्येक वर्षको लागि एक अंकका दरले अधिकतम दश अंक |
| (ख) स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारीको अनुभव हासिल गरेको। | चार | प्रति वर्ष एक अङ्कका दरले बढीमा चार वर्षको लागि अधिकतम चार अङ्क।<br>तर वर्ष दिनभन्दा कम अवधिको चान चुन महिना तथा दिनको अङ्क गणना हुने छैन। |
| (ग) विद्यावारिधि उपाधि वापत | पाँच | मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि उपाधि प्राप्त गरेकाको हकमा एक मुष्ठ पाँच अङ्क। |
| (घ) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सम्पन्न गरे वापत। | दश | (१) अन्तर्राष्ट्रियस्तरको प्राज्ञिक अनुसन्धानमूलक परियोजना एकल रुपमा सम्पन्न गरे वापत प्रति अनुसन्धान वापत पाँच अङ्कका दरले दुई वटा अनुसन्धानको लागि दश अङ्क, वा<br>(२) राष्ट्रियस्तरको प्राज्ञिक अनुसन्धानमूलक परियोजना एकल रुपमा सम्पन्न गरे वापत प्रति अनुसन्धान वापत दुई दशमलव पाँच अङ्कका दरले चार वटा अनुसन्धानको लागि दश अङ्क।<br>(३) माथी खण्ड (१) र (२) बमोजिमको अनुसन्धानमा कसैले अन्तराष्ट्रिय अनुसन्धान वापत एक र राष्ट्रिय अनुसन्धानमा अन्य अनुसन्धान गरेको अवस्थामा अनुसन्धानमूलक परियोजना वापतको अङ्क प्राप्त गर्न बाधा पुग्ने छैन।<br>(४) माथी खण्ड (१), (२) र (३) बमोजिमको अनुसन्धान संयुक्त रुपमा सम्पन्न गरेकोमा त्यस्तो टोली सदस्यको संख्याले र अनुसन्धान परियोजना वापको अङ्कलाई भाग गरी अनुसन्धानकर्ताको संख्याले भाग गरी हुन आउने दामासाही अङ्क प्रदान गरिने छ। |
| (ङ) अनुसन्धानमूलक लेख प्रकाशन | पन्ध्र | Ranked Journal मा अनुसन्धानमूलक लेख प्रकाशन गरे वापत अधिकतम पाँच वटा लेखको लागि |

| | | |
|---|---|---|
| | | (१) SCImago Journal Ranking को Q-1 देखीं Q-2 सम्ममा प्रमुख अनुसन्धानकर्ता भए प्रति लेख तीन अङ्क र सह अनुसन्धानकर्ता भए तीन अङ्कमा लेखक संख्याले भाग गरी हुन आउने दामासाही अङ्क।<br>(२). SCImago Journal Ranking को Q-3 देखी Q-4 सम्ममा मा प्रमुख अनुसन्धानकर्ता भए प्रति लेख एक दशमलव पाँच अङ्क र सह अनुसन्धानकर्ता भए एक दशमलव पाँच अङ्कमा लेखक संख्याले भाग गरी हुन आउने दामासाही अङ्क। |
| | दश | NEPJOL/Scimago मा सूचीकृत समकक्ष समिक्षित जर्नल (Peer-Reviewed Journal) मा अनुसन्धानमूलक लेख प्रकाशन गरे बापत अधिकतम चार वटा वटा लेखको लागि<br>(१) प्रमुख अनुसन्धानकर्ता भए प्रति लेख २.५ अङ्कले दश अङ्क<br>(२) सह अनुसन्धानकर्ता भए २.५ लाई लेखक संख्याले भाग गरी हुन आउने दामासाही अङ्क। |
| (च) विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) मूल्याङ्कन | दश | (१) विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता-२<br>(२) विश्वविद्यालयको सम्पत्तिको आर्जन, उपयोग र आत्मनिर्भरता-२<br>(३) आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूको सुदृढीकरण-२<br>(४) विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास-२<br>(५) विश्वविद्यालयको पारदर्शिता तथा जवाफदेहिता-२ |
| (छ) विश्वविद्यालयको चार बर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) मूल्याङ्कन | दश | (१) विश्वविद्यालयको विद्यमान अवस्था -२<br>(२) विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis- २<br>(३) विश्वविद्यालयको अन्य विश्वविद्यालयसँगको अन्तरसम्बन्धको विश्लेषण -२<br>(४) रणनैर्तिक सुधार गर्नु पर्ने क्षेत्रहरुको पहिचान-२<br>(५) विश्वविद्यालयको समग्र सुधार कार्ययोजना सहितको विवरण-२ |
| (ज) प्रस्तुतीकरण | दश | अनुसूची ४ मा व्यवस्था भए बमोजिम हुनेछ। |
| (झ) अन्तर्वार्ता | सोह | - |

## अनुसूची-३

**(दफा ९ को उपदफा (८) सँग सम्बन्धित)**

**विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कन ढाँचा**

सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८०।--।-- गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्वन्धी सोचपत्र मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

कोडः

विश्वविद्यालयसम्बन्धी सोचपत्र

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता | २ | | |
| २. | विश्वविद्यालयको सम्पत्तिको आर्जन, उपयोग र आत्मनिर्भरता | २ | | |
| ३. | आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूको सुदृढीकरण | २ | | |
| ४. | विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास | २ | | |
| ५. | विश्वविद्यालयको पारदर्शिता तथा जवाफदेहिता | २ | | |
| | | १० | प्राप्ताङ्क अंकमाः | |
| | | | प्राप्ताङ्क अक्षरमाः | |

विश्वविद्यालयसम्बन्धी सोचपत्रको प्राप्ताङ्क -

अंकमाः

अक्षरमाः

मूल्याङ्कनकर्ताको हस्ताक्षरः

नामः

मिति

## अनुसूची-४
### (दफा ९ को उपदफा (८) सँग सम्बन्धित)
### विश्वविद्यालयसम्बन्धी व्यावसायिक कार्ययोजना मूल्याङ्कन ढाँचा

सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८०।--।-- गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी व्यावसायिक कार्ययोजना मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

कोडः

विश्वविद्यालयसम्बन्धी व्यावसायिक कार्ययोजना

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | विश्वविद्यालयको विद्यमान अवस्था | २ | | |
| २. | विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis | २ | | |
| ३. | विश्वविद्यालयको अन्य विश्वविद्यालयसँगको अन्तरसम्बन्धको विश्लेषण | २ | | |
| ४. | रणनैतिक सुधार गर्नु पर्ने क्षेत्रहरुको पहिचान | २ | | |
| ५. | विश्वविद्यालयको समग्र सुधार कार्ययोजना सहितको विवरण | २ | | |
| | | १० | प्राप्ताङ्क अंकमाः | |
| | | | प्राप्ताङ्क अक्षरमाः | |

विश्वविद्यालयसम्बन्धी व्यावसायिक कार्ययोजनाको कुल प्राप्ताङ्क -

अंकमाः

अक्षरमाः

मूल्याङ्कनकर्ताको हस्ताक्षरः

नामः

मितिः

## अनुसूची-५
### (दफा १० को उपदफा (७) सँग सम्बन्धित)
### प्रस्तुतिकरणको मूल्याङ्कन ढाँचा

सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपति पदको लागि आयोगबाट मिति २०८०।--।-- गते प्रकाशित सूचना अनुसार यस आयोगमा दरखास्त दिएकाहरु मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरुले पेश गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र र व्यावसायिक कार्ययोजना प्रस्तुतिकरण मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु।

आवेदकको नामः

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरण शैली | २.५ | | |
| २. | विश्वविद्यालय सम्बन्धी विषय वस्तुको पूर्णता | २.५ | | |
| ३. | समय व्यवस्थापन | २.५ | | |
| ४. | तार्किक तथा विश्लेषणात्मक क्षमता | २.५ | | |
| | कुल अंक | १० | कुल प्राप्ताङ्क अंकमाः | |
| | | | कुल प्राप्ताङ्क अक्षरमाः | |

मूल्याङ्कनकर्ताको हस्ताक्षरः
नामः
पदः
मितिः